# राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९

लालमोहर र प्रकाशन मिति

२०३९।७।३

संशोधन गर्ने ऐन — २०४८।२।१६

१. न्याय प्रशासन ऐन, २०४८

प्रमाणिकरण र प्रकाशन मिति

२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ — २०६३।६।२८

३. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ — २०६६।१०।७

४. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ — २०७२।११।१३

२०३९ सालको ऐन नं. १२

✂........................

**राष्ट्रिय प्रकृति संरक्षण कोषको व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावना : प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्नको लागि राष्ट्रिय प्रकृति संरक्षण कोष स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कोष" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय प्रकृति संरक्षण कोष सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ५ बमोजिम गठन भएको सञ्चालक समिति सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले कोषको अध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य र सदस्य-सचिव" भन्नाले कोषको सदस्य सम्झनु पर्छ।

---

◆ यो ऐन २०६५ साल जेठ १५ गतेबाट लागू भएको।

✂ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. कोषको स्थापना : (१) राष्ट्रिय प्रकृति संरक्षण कोष नामको एक कोष स्थापना हुनेछ ।

(२) कोष अविछिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।

(३) कोषको सबै काम कारवाईको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(४) कोषले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(५) कोषले व्यक्ति सरह नालिस उजुर गर्न र कोष उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

[*]४. संरक्षक : प्रधानमन्त्री कोषको संरक्षक हुनेछ ।

५. सञ्चालक समितिको गठन : कोषको सम्पूर्ण काम कारवाईको सञ्चालन तथा रेखदेख गर्न देहाय बमोजिमको सञ्चालक समिति गठन हुनेछ :-

(क) संरक्षकबाट मनोनीत व्यक्ति एकजना - अध्यक्ष

(ख) अध्यक्षबाट मनोनित नेपाल सरकारको सचिवहरु मध्येबाट तीनजना - सदस्य

(ग) अध्यक्षबाट मनोनीत नेपाल सरकारको विभाग वा सरकारी वा गैरसरकारी संस्थाका प्रतिनिधिहरुमध्येबाट तीनजना - सदस्य

(घ) अध्यक्षबाट मनोनीत अन्तर्राष्ट्रिय संस्थाकाप्रतिनिधि वा अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिहरुमध्येबाट चारजना - सदस्य

(ङ) अध्यक्षबाट मनोनीत कोषको लागि उपयुक्त ठानेका व्यक्तिहरु तीनजना - सदस्य

(छ) अध्यक्षबाट मनोनीत व्यक्ति एकजना - सदस्य-सचिव

६. पदावधि : (१) अध्यक्ष तथा सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ ।

(२) अध्यक्ष तथा सदस्यको पदावधि समाप्त भएपछि निजहरु दफा ५ बमोजिम पुनः मनोनीत हुन सक्नेछन् ।

(३) पदावधि समाप्त नहुँदै अध्यक्ष वा सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि दफा ५ बमोजिम अध्यक्ष वा सदस्य मनोनित हुनेछ ।

---

[*] केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधन ।

*(४) अध्यक्ष वा सदस्यले राजीनामा गरेमा निजहरु आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(५) आफ्नो कर्तव्य सुचारु रुपले पालन नगर्ने सदस्यलाई अध्यक्षबाट जुनसुकै बखतमा हटाउन सक्नेछ ।

७. पारिश्रमिक : समितिका अध्यक्ष, सदस्य वा अन्य पदाधिकारीले पाउने पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

८. समितिको बैठक : (१) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले मिति, स्थान र समय तोकी बैठक बोलाउने छ । बैठकको अध्यक्षता अध्यक्षबाट हुनेछ र अध्यक्षको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको कुनै सदस्यले अध्यक्षता गर्नेछ ।

(२) बैठक बस्ने सूचना बैठक बस्नुभन्दा साधारणतया एक महिना अगावै दिनु पर्नेछ ।

(३) ६ जना सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(५) साधारणतया समितिको बैठक वर्षको एक पटक बस्नेछ ।

(६) बैठकको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिने छ ।

(७) यस दफामा लेखिएदेखि बाहेक बैठकमा अपनाईने अन्य कार्यविधि समितिले आफै व्यवस्थित गर्न सक्नेछ ।

९. कोषको काम र कर्तव्य : कोषको काम र कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन गर्ने,

(ख) राष्ट्रिय निकुञ्ज तथा आरक्षहरुको विकासको निमित्त आवश्यक व्यवस्था गर्ने,

(ग) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदाको वैज्ञानिक अध्ययन तथा अनुसन्धान गर्ने ।

१०. कोषको अधिकार : कोषको अधिकार देहाय बमोजिम हुनेछ :-

(क) राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्था तथा अन्य क्षेत्रबाट नगदी, जिन्सी वा अन्य किसिमको सहायता प्राप्त गर्ने ।

---

* केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा संशोधन ।

(ख) वन्यजन्तु तथा अन्य प्राकृतिक सम्पदासंग सम्बन्धित विदेशी संस्था र अन्तर्राष्ट्रिय संघ संस्थासंग सम्पर्क राख्ने ।

(ग) विदेशी संस्था वा अन्तर्राष्ट्रिय संघ संस्था मार्फत चन्दा सङ्कलन गर्ने गराउने ।

(घ) कोषको हितको लागि अन्य आवश्यक काम गर्ने ।

११. उपसमिति गठन गर्न सक्ने : (१) कोषले आफ्नो काम कारवाहीको निमित्त आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपसमितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१२. कोष : (१) कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारले प्रदान गरेको रकम,

(ख) राष्ट्रिय वा अन्तरराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) अन्य श्रोतबाट प्राप्तरकम ।

(२) कोषको सबै रकम नेपाल राष्ट्र बैङ्क वा अन्य कुनै बैङ्कमा कोषको नाउँमा जम्मा गरिनेछ ।

(३) जिन्सी आम्दानी खर्चको हिसाब छुट्टै राखिनेछ ।

(४) कोषको तर्फबाट गर्नु पर्ने सबै खर्च कोषबाट व्यहोरिनेछ ।

(५) कोषको खाता सञ्चालन तोकिए बमोजिम हुनेछ ।

१३. लेखा र लेखापरीक्षण : (१) कोषको आय-व्ययको लेखा तोकिए बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखापरीक्षकको विभागबाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा कोषको हिसाब किताब सम्बन्धी कागजात र अरु नगदी जिन्सी समेत जुनसुकै बखत जाँच्न सक्नेछ ।

१४. मुद्दा हेर्ने अधिकारी : कोष वादी वा प्रतिवादी भएको कुनै मुद्दा वा यो ऐन अन्तर्गतको कुनै मुद्दाको शुरु कारवाई र किनारा गर्ने अधिकार ⊙उच्च अदालतलाई हुनेछ ।

१५. अधिकार प्रत्यायोजन : समितिले आफ्नो केही अधिकार अध्यक्ष, सदस्य, उपसमिति वा कोषकोकुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

⊙ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

१६. <u>नियम बनाउने अधिकार</u> : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिको परामर्श लिई नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

१७. <u>विनियम बनाउने अधिकार</u> : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरित नहुने गरी कोषले आवश्यक विनियमहरु बनाउन सक्नेछ  र त्यस्तो विनियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

१८. <u>नेपाल सरकारसंग सम्पर्क</u> : कोषले नेपाल सरकारसंग सम्पर्क राख्दा वन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग मार्फत राख्नेछ ।

नेपाल कानून आयोग

---

<u>द्रष्टव्य</u> : केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर गरिएका शब्दहरू:

(क) "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार"

(ख) "श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष" को सट्टा "राष्ट्रिय प्रकृति संरक्षण कोष"

नेपाल कानून आयोग